**आकाशवाणी समाचार- नेपाली**

मितिः १० मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले नेपाल चुनावमा जीतको लागि राष्ट्रीय स्वतंत्र पार्टीका अध्यक्ष **रबी लामिछाने** र आरएसपीका वरिष्ठ नेता **बालेन्द्र शाह लाई** बधाई दिनु हुदै भारत र नेपालको संबंध आउने वर्षहरुमा नयाँ ऊंचाइहरुमा पुग्ने बताउनु भएको छ ।

- 'यदि भाजपा सरकार पश्चिम बंगालमा सत्तामा आए महिलाहरूलाई प्रति महिना ३ हजार रुपियाँ आर्थिक सहायता दिइने पार्टीका प्रदेश अध्यक्ष समिक भट्टाचार्यले बताउनु भएको छ|

- **पश्चिम बंगालबाट राज्यसभाका लागि तृणमूलका चार र भाजपाबाट एक उम्मीदवार निर्विरोध निर्वाचित भएका छन् |**

- न्यू जलपाइगढी क्षेत्रमा हिज सोमवार अल बंगाल हकर यूनियनको ब्यानरमा सयकड़ौं रेल हकरहरूले एडीआरएम कार्यालय अगाड़ि व्यापक प्रदर्शन गरेका छन् ।

- **सद्भावना सोसियल वेलफेयर सोसाईटी खरसाङले आफ्नो ४१औं स्थापना दिवस भव्यताको साथ् पालन गरेको छ |**

**नेपालका प्रधानमंत्री**

प्रधानमंत्री नरेंद्र मोदीले नेपाल चुनावमा जीतको लागि राष्ट्रीय स्वतंत्र पार्टीका अध्यक्ष **रबी लामिछाने** र आरएसपीका वरिष्ठ नेता **बालेन्द्र शाह लाई** बधाई दिनुभएको छ। टेलीफोन बातचीतमा प्रधानमंत्रीले आगामी नयाँ सरकारकोलागी शुभकामना दिनुभएको छ र दुवै देशहरुको आपसी समृद्धि, प्रगति र कल्याणको लागि साथ मिलेर काम गर्ने प्रतिबद्धता दोहराउनु भएको छ। उहाँले विश्वास जताउनु भएको छ कि संयुक्त प्रयासहरुबाट भारत र नेपालको संबंध आउने वर्षहरुमा नयाँ ऊंचाइहरुमा पुग्नेछन् ।

**पश्चिम बंगालबाट राज्यसभाका लागि तृणमूलका चार र भाजपाबाट एक उम्मीदवार निर्विरोध निर्वाचित**

पश्चिम बंगालबाट राज्यसभाका लागि पाँच उम्मेदवारहरू निर्विरोध निर्वाचित भएका छन् ।हिज सोमबार निर्वाचन अधिकारीहरूले सबैलाई विजयी प्रमाणपत्र हस्तान्तरण गरेका थिए । निर्वाचित उम्मीदवारहरुमा तृणमूल कांग्रेसका राजीव कुमार, बाबुल सुप्रियो, कोयल मल्लिक र मेनका गुरुस्वामी शामेल छन् त्यहि भारतीय जनता पार्टीका राहुल सिन्हा पनि राज्यसभाको लागि निर्विरोध निर्वाचित भएका छन् । हिज सोमबार कोलकातामा निर्वाचन आयोगका तर्फबाट राजीव कुमार, बाबुल सुप्रियो, कोइल मल्लिक र राहुल सिन्हालाई र मेनका गुरुस्वामीका तर्फबाट राज्यमन्त्री अरुप विश्वासले आ–आफ्नो विजयी प्रमाणपत्र ग्रहण गरेका थिए । केही दिनयता सक्रिय राजनीतिमा आउने विषयमा निकै चर्चा भइरहेको मल्लिक बिहीबार राज्यसभाको उम्मेद्वारका लागि उम्मेदवारी भर्न पुगेकी थिइन् भने सोही दिन बाबुल सुप्रियोले पनि आफ्नो उम्मेदवारी दर्ता गराएका थिए | मेनका गुरुस्वामी पनि मनोनयनमा सामेल भएकी थिइन् भने उता भाजपाका राहुल सिन्हाले पनि विधानसभामा पुगेर आफ्नो मनोनयनपत्र बुझाएका थिए ।यसघि

संसदको उच्च सदनको चुनावको कार्यक्रम घोषित गरिएको थियो। जस अन्तर्गत 26 फरवरीमा 37 राज्यसभा सीटहरुका लागि चुनावको अधिसूचना जारी गरिएको थियो। नामांकन पत्र जमा गर्ने अंतिम मिति पांच मार्च, नामांकन पत्रहरुको जांच गर्ने अंतिम मिति छ मार्च र नामांकन फिर्ता लिने अंतिम मिति नौ मार्च निर्धारित गरिएको थियो। पश्चिम बङ्गालमा यी पाँच सीटहरूका लागि समान सङ्ख्यामा उम्मेदवारहरूले नामांकन दर्ता गरेका थिए, त्यसैले कुनै मतदानको आवश्यकता बिना सबै उम्मेदवारहरूलाई निर्विरोध निर्वाचित घोषित गरिएको थियो। राज्यसभामा निर्वाचित भएपछि बाबुल सुप्रियोले यसलाई खुसीको अवसर भन्दै पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्नुभयो|

## भाजपाको सरकार बने महिलाहरुलाई प्रति महिन तीन हजार रुपिया प्राप्त हुने : समिक भट्टाचार्य

पश्चिम बंगालमा भाजपाको परिवर्तन यात्राको क्रममा उत्तर २४ परगनामा एक सभालाई सम्बोधन गर्दै पार्टीका प्रदेश अध्यक्ष समिक भट्टाचार्यले भन्नुभयो , 'यदि भाजपा पश्चिम बंगालमा सत्तामा आयो भने महिलाहरूलाई प्रति महिना ३ हजार रुपियाँ आर्थिक सहायता दिइनेछ। उहाँले राज्यमा परिवर्तनको वातावरण सिर्जना भएको र आगामी चुनावमा तृणमूल कांग्रेस सत्ताबाट बाहिरिने दाबी गर्नुभयो।

समिक भट्टाचार्यले लुट र भ्रष्टाचारको राजनीति चाहनेले तृणमूल कांग्रेसलाई भोट दिनसक्छन तर विकास र सुशासन चाहनेले भाजपालाई समर्थन गर्नुपर्ने बताउनु भयो । वर्तमान राज्य सरकारको भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र लगानीमैत्री नीतिको अभावका कारण पश्चिम बंगालको औद्योगिक सम्भावनामा क्षति पुगेको उहाँले आरोप लगाउनु भयो।

प्रदेश अध्यक्षले मतदाता सूचीमा ठूलो मात्रामा अनियमितता भएको आरोप पनि लगाउनु भयो । उहाँले भन्नु भयो कि मतदाता सूचीमा गम्भीर त्रुटि भएका धेरै उदाहरणहरू देखिएका छन्, जसले यसको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।समिक भट्टाचार्यले यो पनि घोषणा गर्नुभयो कि यदि भाजपाले राज्यमा सरकार बनाउँछ भने ४५ दिनभित्र सातौं वेतन आयोग लागू हुनेछ, जसले सरकारी कर्मचारीहरूको लामो समयदेखिको माग पूरा गर्नेछ।

उहाँले आरोप लगाउनु भयो कि वर्तमान शासनमा कयौ क्षेत्रहरु अपराधको केंद्र बनेको छ र कानून-व्यवस्थाको स्थिति कमजोर भएको छ। भाजपा नेताले सत्तामा आएपछि पार्टीले यो अवस्थालाई परिवर्तन गर्ने र राज्यमा सुरक्षा र सुशासन सुनिश्चित गर्ने बताउनु भयो।

सभामा उहाँले यो पनि भन्नु भयो कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वभएको केंद्र सरकारले जूट किसानहरुको हितमा न्यूनतम समर्थन मूल्यमा लगातार वृद्धि गरिरहेको छ। भाजपाले राज्यमा यस्ता नीतिहरु लागू गर्न चाहेको छ जसबाट किसानहरु , श्रमिकहरु र उद्योगहरुलाई लाभ प्राप्त हुनेछ।

## राष्ट्रपति द्रौपदी मुर्मूको अपमानको विरोधमा सिलीगुड़ीमा विरोध रैली

राष्ट्रपति द्रौपदी मुर्मुको कथित अपमानको विरोधमा हिज सोमबार सिलगुडीमा विभिन्न संगठनहरूले विरोध र्याली निकालेका थिए। रयालीमा सचेत नागरिक मञ्च सिलिगुडी र जनताजी सुरक्षा मञ्चको पहलमा एयरभ्यू मोडबाट विरोधसभा आयोजना गरिएको थियो। बैठकपछि त्यहाँबाट एउटा र् याली निकालिएको थियो, जुन सहरका विभिन्न मार्गहरू हुँदै सिलीगुडी जिल्ला मजिस्ट्रेटको कार्यालयमा समाप्त भएको थियो। यसपछि संगठनहरूको एक प्रतिनिधिमण्डलले जिल्ला मजिस्ट्रेटलाई ज्ञापनपत्र पनि बुझाएका थिए ।

संगठनका सदस्यहरूले भनेका छन् कि सर्वोच्च संवैधानिक पद धारण गरेका देशका राष्ट्रपतिको यो कथित अपमान अत्यन्त निन्दनीय र अस्वीकार्य छ। यसै घटनाको विरोधमा उक्त कार्यक्रम आयोजना गरिएको थियो।

## भाजपा युवा - दार्जीलिङ

भारतीय जनता युवा मोर्चाको पूर्वघोषित कार्यक्रम "युवा अड्डा" अन्तर्गत हिज दार्जीलिङ विधानसभा क्षेत्रको रिम्बिक–लोदोमा, १ नम्बर मण्डलमा कार्यक्रम सम्पन्न भएको छ। रोजगारीको अधिकार, हरेक युवाको आधार – त्यसैले भाजपा सरकार" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै युवाहरुलाई जागरूक गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले बताएको छ। कार्यक्रममा युवाहरुलाई रोजगारी, अवसर तथा विकाससम्बन्धी विषयमा सचेत गराइएको थियो। भारतीय जनता युवा मोर्चाले जानकारी दिए अनुसार "युवा अड्डा" अभियान अब दार्जीलिङ जिल्लाको सबै मण्डलहरूमा क्रमैसँग सञ्चालन गरिनेछ।

कार्यक्रममा सहभागी युवाहरूले पश्चिम बंगालमा परिवर्तन आवश्यक रहेको धारणा व्यक्त गर्दै भ्रष्टाचार र असमानताविरुद्ध युवाहरू एकजुट हुनुपर्ने बताएका थिए। उनीहरूले राज्यमा धेरै रिक्त पद भए पनि युवाहरूले रोजगारी पाउन नसकेको गुनासो व्यक्त गरे। यस अवसरमा वक्ताहरूले सहयोगवाद र तानाशाही प्रवृत्तिका कारण युवाहरू पछि परेको आरोप लगाउँदै अब युवाहरू आफैं अगाडि आएर परिवर्तनको आवाज उठाउनु पर्ने बताएका थिए। दार्जीलिङ १ नम्बर मण्डलका युवाहरूको सहभागितामा सम्पन्न कार्यक्रम भारतीय जनता युवा मोर्चा दार्जीलिङ जिल्ला अध्यक्ष नीरज राईको अगुवाइमा सम्पन्न भएको थियो।

**न्यू जलपाइगढीमा रेल हकरहरूको प्रदर्शन, एडीआरएम कार्यालय सामु धरना**

न्यू जलपाइगढी क्षेत्रमा हिज सोमवार अल बंगाल हकर यूनियनको ब्यानरमा सयकड़ौं रेल हकरहरूले एडीआरएम कार्यालय अगाड़ि व्यापक प्रदर्शन गरेका छन् । हकरहरूको आरोप छ, रेलवे प्रशासनले पछिल्लो लामो समयदेखिकै उनीहरूलाई सताइरहेको छ। उनीहरूको भनाइ छ, ट्रेन वा स्टेशनमा काम गर्ने क्रममा उनीहरूलाई रोकिन्छ भने कैयौं पटक उनीहरूलाई हिरासतमा लिएर जेल चलान समेत गरिसकिएको छ। प्रदर्शनकारीहरूको भनाइ छ, उनीहरूले पहिला पनि धेरै पटक शान्तिपूर्ण ढंगमा आन्दोलन गरिसकेका छन् साथै रेलवे अधिकारीहरूलाई ज्ञापन पनि सुम्पिसकेका छन्, तर अहिलेसम्म उनीहरूको समस्याको समाधान हुन सकेको छैन। यस आन्दोलनको नेतृत्व सिलगढ़ी टाउन ब्लक तीनका श्रमिक संगठनका अध्यक्ष सुजय सरकारले गरेका थिए।यस अवधि सुजय सरकारले चेताउनी दिंदै भने, यदि यथाशीघ्र हकरहरूको समस्या समाधान नगरिए आगामी दिनमा आन्दोलन अझ तीव्र हुनेछ। उनले भने, आवश्यकता परे हकरहरूका परिवारहरूसितै रेलवे कर्मचारीहरूको क्वार्टर तथा रेलवे कार्यालय सामु व्यापक रूपमा धरना प्रदर्शन गरिनेछ।

**खरसाङ- पुष्प प्रदर्शनी**

हिमालयन हर्टीकल्चर सोसाईटीको आयोजनामा हिजदेखि खरसाङको गोर्खा जन पुस्तकालयमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ। जसको उद्घाटनहिज जीटीएका मुख्य कार्यपाल अनित थापाका प्रमुख सल्लाहकार तथा भागोप्रमो महासचिव अमर लामाले गर्नु भएको थियो। फुल उत्पादकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले हिजदेखि तीन दिवसीय पुष्प प्रदर्शनी गरिएको सोसाईटीका अध्यक्ष रामप्रसाद प्रधान अनि सचिव पासाङ लेप्चाले जानकारी गराएका छन्। प्रदर्शनीमा विभिन्न प्रजातिका सिम्बेडियम, प्राकृतिक सुनखरी, मौसमी फूल, क्याकटस, सकुलेंट विभिन्न प्रजातिका प्लान्टहरू राखिएको उनीहरूले बताएका छन्। यसका साथै प्रदर्शनीमा प्रतियोगिता पनि समावेश गरिएको छ। कार्यक्रममा चिम्नी देवराली 28 नम्बर समष्टिका सभासद श्याम शेर्पाको पनि उपस्थिति रहेका थिए।

**सद्भावना सोसियल वेलफेयर सोसाईटी खरसाङले आफ्नो ४१औं स्थापना दिवस मनायो**

28 नम्बर खरसाङ चिमनी देवराली समष्टि अन्तर्गत वार्ड नम्बर सात आधारित सद्भावना सोसियल वेलफेयर सोसाईटी खरसाङले आफ्नो ४१औं स्थापना दिवस भव्यताका साथ राज राजेश्वरी हलमा मनाएको छ। कार्यक्रममा सचिव दिनेश लामाको स्वागत भाषणसँगै दिवंगत सदस्यहरूको सम्झनामा भिडियो प्रस्तुत गरेर एक मिनटको मौन धारण गरिएको थियो । कार्यक्रममा ६० वर्षमाथिका मानिसहरूलाई सभासद श्याम शेर्पाको बाहुलीबाट सम्मान पत्र प्रदान गरेर सम्मान जनाइएको थियो । सभासद श्याम शेर्पा सद्भावना सोसियल वेलफेयर सोसाईटीका संस्थापक सदस्य पनि हुन्। कार्यक्रममा समाजका सदस्यहरूद्वारा रंगारग कार्यक्रम साथै पर्यावरण र साफसफाईबारे जनचेतनामूलक नाटक एवं कविता प्रस्तुत गरिएको थियो । सद्भावना सोसियल वेलफेयर सोसाईटीले विगतका दिनहरुमा विभिन्न प्रकारका सामाजिक कार्यहरू गर्दै आइरहेको छ। नारी दिवसको उपलक्ष्यमा सोही दिन समाजका नारीहरूको सम्मानमा केक पनि काटिएको थियो।

****** ० ******